# कौशिक गोत्रीय रेग्मी बन्धु समाज

(कम्पनी ऐनको दफा १८ को उपदफा (६) संग सम्बन्धित )

**कंम्पनी ऐन,२०६३ अन्तर्गत संस्थापित मुनाफा बितरण नगर्ने कम्पनीको**

## अबधारणा र संगठनात्मक स्वरुप

### भुमिका

नेपाल राज्यका बिभिन्न स्थानहरुमा तथा बिदेशमा छरिएर रहेका कौशिक गोत्रीय रेग्मीबन्धुहरुका बिच एक आपसमा आत्मयिता, भ्रातित्व कायम गर्दै अपनत्व बढाउने र परोपकारी भाबना बढाउदै बिभिन्न क्षेत्रमा छरिएर रहेका रेग्मीहरुको बारेमा खोज अनुशन्धान तथा सस्थागत बिकासका लागि यस अघि पनि पटक पटक प्रयाश भएका हुन तर बिबिध कारणले सबै रेग्मीहरुलाई एकीकृत गराउने गरी संस्थागत बिकास गर्न सकिएको थिएन । देशकै बिद्वत बर्गमा गनिने रेग्मीहरु बिभिन्न समयमा देशका उच्च ओहोदामा रहेर देश सेवा गरेको र गरी रहेको अवस्थामा क्षमतावान जनशक्ति संगठित हुन नसकिरहेको भए पनि देश बिकासमा छरिएको अवस्थामा योगदान दिइरहेकै छन । यो बिद्वत बर्गलाइ संसथागत रुपमा निमुखा र बिपन्न रेग्मीहरुको आर्थिक र सामाजिक बिकासमा योगदान पुऱ्याउने गरी संगठित गर्न आबश्यकता महशुस भैरहेको छ।

देश बिदेशमा रहेका बिद्वत बन्धुहरुले बिभिन्न स्थानमा बसोबास गर्नुहुने रेग्मीहरुका बंशाबलि तयारी र प्रकाशन गरिएको पाइन्छ । यसरी छरिएर रहेका क्षेत्रगत रुपमा तयार भएका बंशावलीहरुलाई एकिकृत गरी पुर्ण बंशाबली बनाउन आबश्यक भएकोले एक आपसमा परिचय गर्दै आपसी पहिचान र संबन्ध सुधार गदै रेग्मी बंशको उदगम स्थल बझांग जिल्लाको रेगम गाउको धार्किक स्थलको रुपमा बिकास तथा प्रचार प्रसार गर्न र रेग्मीहरुलाई एउटा संगठनमा आबध्द गर्दै भ्रातृत्व अभिबृध्दि गर्न र स्थायी संगठनात्मक संस्थाको बिकास गर्न आबश्यकता महशुस भएकोले मिति २०७७ साल चैत्र ७ गते काठमाण्डौको थानकोटको त्रिभुवन पार्कमा भएको ऐतिहासिक २१ जिल्लाका प्रतिनिधीमुलक भेलाबाट **कौशिक गोत्रीय रेग्मी बन्धु समाज** नामको सेवामुलक एबं गैह्र नाफामुलक सामाजिक संस्था गटन भै सोही उद्देश्य परिपुर्ति गर्ने गरी संस्थागतरुपमा बिकास गर्दै लैजानका लागि यो समाजको पकिल्पना गरिएको हो ।

यो समाजलाई बैधानिकरुपमा तत्कालिन परिबेश र परिस्थिती अनुसार गैह्रनाफामुलक तथा सेबामुलक सामाजिक संस्थाकोरुपमा दर्ता गरि संचालन गर्न २०७८ साल श्राबण ३ गते कम्पनी ऐनको दफा १८ को उपदफा ६ अनुसार मुनाफा बितरण नगर्ने कम्पनीका रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८ श्राबण ३ गते बिधिबतरुपमा दर्ता गरिएको छ ।

यस संस्थाका प्रमुख उद्देश्यहरु निम्न_:रहेका छनः-

- देश विदेशमा विभिन्न पेशा, व्यवसाय र बसोबास गर्ने सम्पूर्ण रेग्मी परिवारका सदस्यहरुका बीचमा परिचय हुने गरी वैयक्तिक विवरण संकलन, प्रकाशन र वितरण गर्दै बन्धुबन्धु बीचमा आत्मियता वृद्धि गराउँदै एक रेग्मी परिवारको अवधारणा विकास गर्ने ।

- कौशिक गोत्रीय रेग्मी समाजका परम्परा, संस्कार, संस्कृति तथा रेग्मीहरुका ऐतिहासिक दस्तावेज र सामान, सामग्री र बस्तुहरुको संकलन, संग्रह, संरक्षण र प्रचार गर्ने/ गराउने ।
- हालसम्म संकलित सबै वंशावलीहरुलाई समेट्दै, एकीकृत गर्दै त्यसलाई पूर्णता दिंदै रेग्मीहरुको पूर्ण विवरण सहितको वंशावलीको तयारी, प्रकाशन र अद्यावधिक गर्दै जाने । (ग) रेग्मी कुलका अग्रजहरुका कृतिहरु, तस्वीरहरु र उनीहरुसँग सम्बन्धित पुरातात्विक बस्तुहरुको संरक्षण र जानकारी गर्ने/गराउने
- रेग्मी बन्धुहरुका गतिविधिहरुलाई कुल वंश परम्परा अनुसारका असल पक्षहरुलाई संरक्षण गर्दै सबै बन्धुवान्धवहरुलाई त्यसको जानकारी गराउने ।
- रेग्मीहरुको साझा संस्थाको रुपमा यस समाजलाई विकास गर्दै सबै कौशिक गोत्रीय बन्धुहरुसँग पारस्परिक सम्बन्ध बनाउँदै संभव भएसम्मका सबै कौशिक गोत्रीय बन्धुहरुलाई आवद्ध गराउँदै जाने।
- रेग्मी समाजका सदस्यहरुमा सामुदायिक उत्तरदायित्व वहन गर्न सक्ने गरी लैंगिक समानता, उत्तरदायित्व बहन गर्न र सामाजिक विकासका लागि सक्षम गराउन क्षमता अभिवृद्धि गराउने खालका क्रियाकलापहरु गर्ने/गराउने र सांस्कृतिक विविधतायुक्त नेपाली समाजसँग सामञ्जस्य र एकता राख्दै बन्धुत्व र भाइचाराको सम्बन्ध विकास गर्ने र रेग्मी समाजलाई अघि बढाउने ।
- रेग्मी थरको विकासक्रम र कुल परम्परा अनि संस्कार-संस्कृतिको खोज, अनुसन्धान र तथ्यहरु संरक्षण, प्रकाशन र जानकारी गराउने कार्यहरु गर्ने/गराउने ।
- देश र रेग्मी समाजको विकासका लागि राजनीतिक, सामाजिक, प्रशासनिक, न्यायिक, वैज्ञानिक आदि विभिन्न क्षेत्रमा उत्कृष्ठ सेवा प्रदान गर्ने रेग्मी बन्धुहरु तथा अन्य व्यक्तिव्यहरुलाई हौसला, प्रेरणा प्रदान गर्न सम्मानको कार्यक्रमहरु गरी देश र जनताको सेवामा लागिरहन उत्प्रेरित गर्ने खालका क्रियाकलापहरु गर्ने/गराउने ।
- आर्थिक रुपमा विपन्न सदस्य एवम् परिवारहरुलाई समय सापेक्ष आर्थिक विकासका कार्यहरुमा समावेश गरी आर्थिक रुपमा सबल बनाउने खालका क्रियाकलापहरु गर्ने/गराउने ।
- तीर्थस्थल, मठ मन्दिर, आवाश गृह, कुल पूजास्थल, निर्माण तथा स्थापनाको लागि पहल गर्ने खालका क्रियाकलापहरु गर्ने ।
- भाषा धर्म ,संस्कृतिका साथै नेपालको शिक्षालाई देश र विदेशमा प्रवर्द्धन कार्यमा भूमिका खेल्ने खालका क्रियाकलापहरु गर्ने/गराउने ।
- स्कुल, कलेज, विश्वविद्यालयमा पठनपाठन तथा विज्ञतामा उत्कृष्ठता हासिल गरेका रेग्मीबन्धुहरुलाई सम्मान तथा पुरस्कृत गर्ने/गराउने कार्य गर्ने ।
- रेग्मी बन्धु समाज भन्दा बाहिरबाट रेग्मी समाज तथा धर्म र संस्कृति, बंशावली आदिमा विशेष योगदान पुऱ्याउने महानुभावलाई सम्मान तथा पुरस्कृत गर्ने/गराउने खालका कार्यहरु गर्ने ।
- रेग्मी बन्धु समाजको विकासका लागि समन्वयकारी र सहभागितामुलक अन्य आवश्यकता अनुसारका बिबिध कार्यहरु गर्ने/गराउने ।

## सदस्याता संबन्धी व्यबस्था

यस समाजमा निम्न अनुसार तिन प्रकारका सदस्यहरु रहने ब्यबस्था गरिएको छ

क) साधारण सदस्य

ख) आजीवन सदस्य

ग) मानार्थ सदस्य

साधारण, आजीवन तथा मानार्थ सदस्यता प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :

(क) नेपाली नागरिक भएको ।

(ख) १८ वर्ष उमेर पूरा भएको ।

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

(च) सामाजिक कार्यमा संलग्न भएको ।

## सदस्यता संबन्धी थप ब्यबस्थाहरु

- साधारण सदस्यताको लागि निबेदन दस्तुर रु १००। र सदस्यता शूल्क रु २०० तथा बार्षिक नबिकरण शुल्क रु २०० तोकिएको छ र साधारण सदस्यहरुले बार्षिक रुपमा आषाढ मसान्त भित्र आफ्नो सदस्यता नवीकरण गराउनु पर्नेछ । तोकिएको मितिमा नबिकरण नभएमा सदस्यता स्वत समाप्त हुनेछ ।
- आजीवन सदस्यतता लिनको लागि कम्पनीमा निबेदन दस्तुर रु १००। समेत एकमुष्ट रु.५१००।-(अक्षरुपी पांच हजार एक सय रुपियाँ) लाग्ने छ (प्रथम संशोधन २०७८ बाट संशाधित ।
- सदस्यताको लागि तोकिएको ढांचामा निबेदनका साथमा आलसालै खिचिएको पासर्पोट साईजको तश्बिर, नागरिकता को प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
- रेग्मी थर नखुलेका रेग्मीहरुले रेग्मी थर खुल्ने गरी बाबुको नागरिकता अनिबार्य रुपमा पेश गर्नु पर्नेछ। सो बाट पनि रेग्मी थर नखुलेमा रेग्मी नै भएको ब्यहोरा स्वघोषणा गर्नु पर्नेछ। अन्य थर लेखिएका महिलाहरुको हकमा रेग्मी पविार संगको बिबाह दर्ता प्रमाण्पत्र पेश गर्नु पर्ने छ। पछि रेग्मी नभएको खुलेमा समाजको सदस्यता खारेज गरिने छ ।
- सदस्यता केन्द्रिय समितिबाट सिधै वा जिल्ला वा प्रदेश समन्वय समिति मार्फत बितरण गरिने छ ।
- रेग्मी बन्धु समाज र बंशावलीको निर्माण तथा संकलनमा महत्वपूर्ण भूमिका वा योगदान पुऱ्याउने स्वदेशी तथा सबै विदेशी नागरिकता भएका रेग्मीहरुलाई समितिले निर्णय गरी मानार्थ सदस्यता दिन सक्नेछ ।
- सबै रेग्मी परिबारलाइ समेटदै जाने नीति भएतापनि हाललाइ एक पविार एक सदस्य बनाइने छ तर परिबारका धेरै सदस्यले सदस्यता लिन चाहेमा सदस्यता प्रदान गरिने छ ।
- समाजका सदस्यता दिदा महिला वा पुरुष बिच बिभेद गरिने छैन । महिला पुरुष दुबैले सदस्यता लिन सक्नेछन ।
- यस समाजको सदस्यता स्वेछिक हुनेछ जुनसुकै बेला सदस्यता लिन वा त्याग्न सकिने छ । समाजको सदस्य नभएकै कारण समाजले संचालन गरिने कार्यक्रममा रेग्मी परिवार कसैलाइ पनि भेदभाव गरिने छैन ।

## संचालक समिति, संयोन्वय समितिहरु (प्रदेश, जिल्ला, उपत्यका र न पा गा पा) र निर्बाचन

- केन्द्रीय स्तरमा ११ जनाको केन्द्रिय रुपमा सञ्चालक समिति हुनेछ। सञ्चालकहरुको नियुक्ति/निर्वाचन बार्षिक साधारण सभाबाट हुनेछ र संचालकहरुको कार्यकाल ४ वर्ष हुनेछ। संचालक समितिको काम कतब्य र अधिकार प्रबन्धपत्र र निगमाबलीमा तोकिए बमोजिम हुने छ।
- केन्दिय संचालक समितिमा प्रदेश संयोजकहरु आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेछन। केन्द्रिय समितिमा आमन्त्रित सदस्यका रुपमा कम्तिमा २ जना महिलाको प्रतिनिधित्व गराइने छ।
- बिदेशमा रहनु हुने रेग्मी बन्धु तथा पविारलाइ बिदेश समन्वय समिति गठन गरी सोही समितिमा जोडिने छ।
- आबश्यकता अनुसार बंशाबली प्रकाशन गर्ने ब्यक्ति वा भबिश्यमा पनि बिशेष योगदान दिन सक्ने महानुभावहरुलाई केन्द्रिय सल्लाहकार मनोनयन गर्न सकिनेछ।
- केन्द्रिय समितिको निति नियम, प्रत्यक्ष निर्देशन र समन्वयमा कार्य गर्ने गरी कौशिक गोत्रीय रेग्मी बन्धु समाजकै संगठनात्मक संरचना भित्र रहने गरी सात प्रदेशमा प्रदेश समन्वय समिति, काठमाण्डौ भक्तपुर र ललितपुरको लागि एक उपत्यका समन्वय समिति र रेग्मीहरुको बसोबास भएका सबै जिल्लाहरुमा जिल्ला समन्वय समिति गठन भै कार्य गर्ने छन। प्रदेश र जिल्ला समितिमा संयोजक १ जना, सह संयोजक १ जना, सचिब १ जना, कोषाध्यक्ष १ जना, र बांकी सदस्यहरु रहने गरी समाजको सदस्यता लिएका मध्येबाट महिला को समेत प्रतिनिधित्व हुने गरी समन्वय समिति गठन गरिने छ। प्रदेश तहमा प्रत्येक जिल्लाका सयोजकहरु समेत को प्रतिनिधित्व रहने गरी बढीमा १५ सदस्यीय प्रदेश समन्वय समिति रहने छ। आबश्यकता अनुसार प्रदेश तथा जिल्ला स्तरमा बंशाबली प्रकाशन गर्ने ब्यक्ति वा भबिश्यमा पनि बिशेष योगदान दिन सक्ने महानुभावहरुलाई सल्लाहकार मनोनयन गर्न सकिनेछ।
- जिल्ला स्तरमा रेग्मीहरुको बसोबास भएको प्रत्येक नगरपालिका वा गाउंपालिको प्रतिनिधित्व हुने गरी बढीका १३ सदस्यीय जिल्ला समन्वय समिति रहने छ। रेग्मीहरुको बढी बसोबार भएको क्षेत्रबाट थप सदस्य कायम गरी गठन गरिने छ र जिल्ला समितिमा कम्तिमा पनि २ जना महिला प्रतिनिधित्व गराइने छ।
- प्रदेश, जिल्ला, गाउंपालिका/नगरपालिका समन्वय समितिहरु केन्द्रिय संचालक समितिको अनुरोधमा स्थानीय निकायमा दर्ता गरी संचालन गरिने छ। जिल्ला संयोजकहरु प्रदेश समितिमा पदेन सदस्य रहने छन।
- काठमाण्डौ, भक्तपुर र ललितपुरका जिल्ला संगोजक, सह–संयोजक र कम्तिमा ३ जना महिला समेत रहेको बढीमा १५ सदस्यीय उपत्यका संमन्वय समिति रहने छ।
- रेग्मीहरुको बसोबास भएको प्रत्येक नगर पालिका वा गाउपालिकाहरुमा रेग्मीहरु बसोबास गरेका प्रत्येक गाउं बस्तीको प्रतिनिधित्व हुने गरी बढीका १५ सदस्यीय नगरपालिका वा गाउपालिका समन्वय समिति रहने छ।
- प्रदेश समन्यय समितिको गठन केन्द्रीय संचालक समितिको समन्वयमा प्रदेश र जिल्ला भित्रका सदस्यहरुले छनौट गर्ने छन। जिल्ला समन्वय समिति केन्द्रीय संचालक समितिको समन्वयमा प्रदेश समन्वय समितिको सहयोगमा गठन गरिने छ।
- न पा र का गा समन्वय समितिको गठन प्रदेश समन्यय समितिको निर्देशनमा जिल्ला समन्वय समितिले गर्ने छ।
- उपत्यका समन्वय समितिको गठन कन्द्रिय समिति को निर्देशनमा प्रदेश समन्वय समिति ले गर्ने छ।

- प्रत्येक जिल्ला समन्वय समिति, गाउंपालिका वा नगर पालिकाले संचलन गर्ने कार्यक्रमहरु कार्यक्रमको नाम, मिति र लक्षित समुह बारेको बिबरण प्रदेश र केन्द्रिय समन्वय समितिलाइ जानकारी गराउनु पर्ने छ।
- प्रदेश, जिल्ला र उपत्यका समन्वय समितिको काम कर्तब्य र अधिकार संबन्धी निर्देशिका केन्द्रिय समितिले तयार गरी लागु गरिने छ।
- सबै समन्वय समितिहरुमा कम्तिमा २ जना महिला प्रतिनिधित्व सुनिश्चित गराइने छ।

## कम्पनीको आम्दानी-खर्च सम्बन्धी ब्यवस्था

- कौशिक गोत्रीय रेग्मी बन्धु समाज (कम्पनी) को आयको स्रोत सदस्यता शुल्क, दान-दातव्य, आर्थिक सहयोग, चन्दा-पुरस्कार, सरकारी तथा गैह्र सरकारी संस्था, निकायबाट प्राप्त हुने अनुदान-सहयोग ऋण, आदि हुन सक्नेछ।
- सदस्यता शुल्क बापतको रकम पुरै केन्द्रिय समितिको कोषमा जम्मा गरिने छ र प्रदेश तथा जिल्ला समितिहरुलाइ निश्चित मापदण्ड का आधारमा र स्वीकृत कार्यकमका आधारमा उपलब्ध गराइने छ।
- नगरपालिका /गाउंपालिका समन्वय समिति, जिल्ला समन्वय समिति, उपत्यका समन्वय समिति तथा प्रदेश समितिहरुले संकलन गरेको आर्थिक सहायताका रकम केन्दिय कोषमा दाखिला हुने छ।
- नगरपालिका /गाउंपालिका समन्वय समिति, जिल्ला समन्वय समिति, उपत्यका समन्वय समिति तथा प्रदेश समितिहरुले अयोजना गरिने कार्यक्रमका लागि आबश्यक रकम केन्द्रिय समितिले नै कायैक्रमको औचित्य हेरी उपलब्ध गराउने छ।
- नगरपालिका / गाउंपालिका समन्वय समिति, जिल्ला समन्वय समिति, उपत्यका समन्वय समिति तथा प्रदेश समितिहरुले आफ्नो बार्षिक आन्तरिक लेखापरिक्षण संबन्धित समितिले नै गर्नु पर्नेछ। सो को प्रतिबेदन केन्द्रिय समितिमा पेश गर्नु पर्ने छ।
- नगर पालिका / गाउपालिका, जिल्ला, प्रदेश र उपत्यका स्तरीय भेला माथिल्लो समन्वय समितिको समन्वयमा संचालन गर्नु पर्ने छ र सो को निर्णयको जानकारी केन्द्रिय समितिलाइ दिनु पर्ने छ।
- कम्पनीले आवश्यकता अनुसार विभिन्न किसिमका कोषहरुको व्यवस्था तथा संचालन गर्न सक्नेछ।
- यस कम्पनीको लेखा तथा हिसाब किताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ।
- यस कम्पनीमा पूरा समय काम गर्ने पदाधिकारी वा सदस्यले पाउने तलब, बैठक भत्ता, अन्य सुविधा तथा कम्पनीको संस्थापना र कम्पनी सञ्चालन गर्दा लाग्ने खर्च कम्पनीको पुँजीगत अवस्था तथा मुनाफालाई आधार बनाई कार्यालयले तोकिदिए बमोजिम हुनेछ।
- समाजका नाममा खरिद गरिएका वा सहयोग स्वरुप प्राप्त सबै अचल संपत्ती केन्द्रकै नाममा रहने छ।
- प्रदेश समन्यय समिति र जिल्ला समन्वय समितिले नयां सदस्यहरुको बिबरण र सबै आम्दानी खर्चको बिबरण केन्द्रीय समितिलाइ आबधिक रुपमा बुझाउनु पर्नेछ।

- नगरपालिका /गाउंपालिका समन्वय समिति, जिल्ला समन्वय समिति, उपत्यका समन्वय समितिहरुले स्थानीय रुपमा आर्थिक श्रोत संकलन गरी आबश्यकाताका आधारमा स्थानीय योजना तर्जुमा गरी सचालन गर्न पाउने छन । सो कार्यक्रम को बिस्तृत बिबरण केन्द्रिय समितिमा पठाउनु पर्ने छ।
- आजीवन सदस्यता को पुरै शुल्क केन्द्रिरय कोषमा जम्मा गरिने छ र साधारण सदस्यता शुल्क बापतको रकम आर्थीक  कार्यबिधी अनुसार केन्द्रमा ४० प्रतिशत, प्रदेशमा २० प्रतिशत र जिल्लामा ४० प्रतिशत बांढफांढ गरिने छ ।